बढैयाताल गाउँपालिका

**Badhaiyatal Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

# Office of Rural Municipal Executive

**मैनापोखर बर्दिया लुम्बिनी प्रदेश, नेपाल**

**Mainapokhar , Bardiya**

**( Lumbini Province, Nepal)**

पत्र संख्या/Letter No: २०८०/०८१

चलानी नं./Ref No: 1666

दोस्रोपटक प्रकाशित मितिः २०८१/०१/१६

### निजीवन/निजी जग्गामा वृक्षारोपण अनुदानको लागि दरखास्त पेश गर्ने सम्बन्धी सुचना ।

उपरोक्त सम्बन्धमा यस बढैयाताल गाउँपालिकाको आ.व. २०८०/८१ मा सञ्चालन भईरहेको समृद्धिको लागि वन कार्यक्रम अन्तर्गत **निजी वन / निजी जग्गामा वृक्षारोपणका लागि अनुदान कार्यक्रम (महिला दलित तथा विपन्न वर्गलाई प्राथमिकता)** कार्यान्वयनको लागि निजी जग्गा वा निजी वनमा वृक्षारोपण कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ति, समुह, कृषक समूह, कृषि सहकारी, कृषि वन समूह, वा निजी संस्थाहरूले आफूले रोप्न चाहेको बहु-उपयोगी मिश्रित प्रजातिहरु छनौट गरी **(व्यक्तिको हकमा १०० विरुवा नघट्ने गरि ०.०६२५ हे. र समूहको हकमा ८०० विरुवा नघट्ने गरि ०.५ हे.)** यो सूचना प्रकाशित भएको **मितिले १५ दिनभित्र (मिति २०८१/०१/३० गते सम्म)** उल्लेखित कागजात संलग्न राखि सम्बन्धित वडा कार्यालय वा यस गाउँ कार्यपालिकाको कार्यालयको वन तथा वातावरण शाखामा पेश गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरुः

१. निवेदन(वृक्षारोपण गर्न ईच्छुक प्रजातिहरु, संख्या र अनुमानित क्षेत्र खुलाई)
२. वृक्षारोपण गर्ने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
३. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपी ।
४. समूहको हकमा सम्बन्धित समूहले यस परियोजनामा सहभागी हुन ईच्छुक रहेको निर्णयको प्रतिलिपी ।

द्रस्टव्यः निजी वृक्षारोपण गरे बापतको अनुदान रकम स्वीकृत तीन बर्षे लागत अनुमानको ५० प्रतिशतले हुन आउने परिमाण सम्बन्धितलाई उपलब्ध गराईने छ। कार्य सम्पादनको आधारमा उपलब्ध गराईने यो रकम तीन वर्षमा भुक्तानी हुनेछ ।५० प्रतिशत अनुदानलाई शतप्रतिशत मानी वृक्षारोपण कार्यक्रमको पहिलो वर्ष ४० प्रतिशत, दोस्रो वर्ष ३० प्रतिशत र तेस्रो वर्षमा बाँकी ३० प्रतिशतले हुन आउने रकम सम्बन्धित निजी वन धनीलाई अनुगमन प्रतिवेदन पश्चात उपलब्ध गराईने छ ।

पुनश्चः रेड कार्यान्वयन केन्द्रको वृक्षारोपण निर्देशिकामा विरुवा संख्यामा हेरफेर भई आएमा सोहीअनुसार हुने । विस्तृत जानकारीको लागि बढैयाताल गाउँपालिकाको वन तथा वातावरण शाखामा (९८६८९५७१०६) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**अर्जुन सुबेदी**
**प्रमुख प्रशासकिय अधिकृत**

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन ।

श्री वडा कार्यालय (१-९) सबैः सूचना सम्प्रेषण एवं आवश्यक सहजीकरण गरिदिनुहुन ।

## अनुसूची 2 : वृक्षरोपणका लागि सिफारिस गरिएका रुख प्रजातिहरु

(क) निजी वनका लागि सिफारीस गरिएका प्रजातिहरु (स्रोत : निजी वन विकाससम्बन्धी निर्देशिका, २०६८)

| क्रम संख्या | वैज्ञानिक नाम | नेपाली नाम |
|---|---|---|
| 1 | *Dalbergia sissoo* | सिसौ |
| 2 | *Eucalyptus* spp. | मसला प्रजाति |
| 3 | *Neolamarckia cadamba* | कदम |
| 4 | *Bombax ceiba/ Ceiba pentandra* | सिमल / कपोक |
| 5 | *Melia azedarach* | बकैनो |
| 6 | *Albizia* spp. | शिरीष प्रजाति |
| 7 | *Dendrocalamus* spp. | बाँस प्रजाति |
| 8 | *Populus* spp. | लहरे-पिपल प्रजाति |
| 9 | *Tectona grandis* | सागौन |
| 10 | *Leucaena latisiliqua* | इपिल-इपिल |
| 11 | *Acacia arabica* | बबुल |
| 12 | *Azadirachta indica* | नीम |
| 13 | *Acer oblongum* | फिरफिरे |
| 14 | *Syzygium cumini* | जामुन |
| 15 | *S. jambos* | गुलाब जामुन |
| 16 | *Acacia catechu* | खयर |
| 17 | *Garuga pinnata* | दबदबे |
| 18 | *Bauhinia purpurea* | टाँकी |
| 19 | *Shorea robusta* | साल |
| 20 | *Pterocarpus marsupium* | बिजयसाल |
| 21 | *Gmelina arborea* | गमारी |
| 22 | *Phyllanthus emblica* | अमला |
| 23 | *Artocarpus integra* | कटहर |
| 24 | *A. lakoocha* | बडहर |
| 25 | *Mangifera indica* | आँप |
| 26 | *Michelia champaca* | चाँप |
| 27 | *Aquilaria malaccensis* | अगर-वृक्ष |
| 28 | *Citrus limon* | कागति |
| 29 | *Tamarindus indica* | इमली, तिसी |
| 30 | जग्गाधनीले छनौट गरेका अन्य रुख प्रजातिहरु | |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल